# कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको

# प्रबन्धपत्र

(वि.सं. २०८३ साल वैशाख मसान्तसम्म संसोधन भएको समेत)

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको

## प्रबन्धपत्र

१. **कम्पनीको नाम :** यस कम्पनीको नाम "गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Ganapati Laghubitta Bittiya Sanstha Limited भनिनेछ । जसलाई यसपछि "वित्तीय सँस्था" भनी सम्बोधन गरिने छ ।

२. **वित्तीय सँस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :** १.यस लघु वित्त वित्तीय सँस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय तनहुँ जिल्लाको शुक्लागण्डकी नगरपालिका वडा नं. ४ (साविक) दुलेगौडामा रहने छ ।

२. यस वित्तीय संस्थाको कार्य क्षेत्र नेपाल भर हुनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उपशाखा वा अन्य कार्यालय खोली लघु वित्तीय कारोबार विस्तार गर्न सकिनेछ ।

३. **वित्तीय सँस्थाले गर्ने व्यवसाय वा कारोबारको प्रकृति :** लघु वित्त वित्तीय सँस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (४) तथा यस प्रवन्धपत्र र नियमावाली बमोजिम वित्तीय व्यवसायको कारोवार गर्नेछ ।

४. **वित्तीय सँस्थाको मुख्य उद्देश्य :** (१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस लघु वित्त वित्तीयको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछ :-

(क) वित्तीय संस्थाको निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलव्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यवसायिक रूपले सम्भाब्य देखिएका उत्पादनशील ब्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक बैंकिङ्ग वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एव कृषि क्षेत्रमा विकासमा गतिशिलता ल्याउन सहयोय पुर्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक ब्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने,

(घ) बेकिङ्ग वित्तीय सेवामा जोखिम कम गर्दै बैकिङ्ग वित्तीय क्षेत्रको उदारीकरणमा मद्धत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने,

(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने,

(२) वित्तीय सँस्थाले उपदफा (१) बमोजिमको उद्देश्यहरु कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजतपत्र प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजतपत्र प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

५. **लघु वित्त वित्तीय सँस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :** यस वित्तीय सँस्थाले दफा ४ बमोजिमको उद्देश्य प्राप्त गर्न कम्पनी ऐन,२०६३ को दफा १८ को उपदफा (१) को खण्ड (घ) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ को उपदफा (४) बमोजिम "घ" वर्गको इजाजतपत्र प्राप्त

संस्थाको रूपमा रहने गरी सो ऐन, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही देहाय बमोजिमका कार्यहरू गर्न सक्नेछ :-

(क) वित्तीय संस्थालाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोय गर्ने,

(ख) वित्तीय संस्थालाई आवश्यकता पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) वित्तयि स.सथाको नाममा बैंक तथा वित्तीय संसथामा खाता खोल्ने र संचालन गर्ने,

(घ) वित्तीय संस्थालाई आवश्यक पर्ने रकम बैंक तथा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,

(ङ) न्यून आय भएका व्यक्तिको आर्थिक स्थितिमा सुधार हुने खालका लधुव्यवसाय गर्ने,

(च) लघु व्यवसायका सम्बन्धमा गोष्ठी सञ्चालन गर्ने, परियोजना तर्जुम ागर्न प्रशिक्षण दिने, सहयोय गर्ने, प्राविधिक ज्ञान दिलाउने र आवश्यकतानुसार प्राविधिक सहयोग जुटाउने,

(छ) लघुकर्जा परिचालन सम्बन्धमा समूहलाईआवश्यक सेवा प्रदान गर्ने,

(ज) लघुकर्जा समयमा असूलउपर गर्ने तर्फ आवश्यक कारवाही गर्ने,

(झ) लघुकर्जाको उचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने र अनुगमन गर्दा उचित प्रयोग भएको नदेखिएमा आवश्यक निर्देशन दिने,

(ञ) राष्ट्र बैङ्कले तोकिदिएको सीमाभित्र रही ब्याज वा बिना ब्याजमा निक्षेप स्वीकार गर्ने तथा त्यस्तो निक्षेपको भुक्तानी दिने,

(ट) आफ्नो चल अचल जायजेथा धितो राखी कर्जा लिने तथा जायजेथाको उचित प्रबन्ध गर्ने,

(ठ) समितिले बनाएको विनियमको अधीनमा रही कर्जा अपलेखन गर्ने,

(ड) आफू तथा अन्य कुनै इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा वा कुनै प्रकारको सुविधा लिने ऋणी वा ग्राहकको विवरण सूचना वा जानकारी राष्ट्र बैङ्क वा कुनै अन्य इजाजतपत्रप्राप्त संस्था बीच लिने दिने,

(ढ) राष्ट्र बैङ्कले तोकेका अन्य काम गर्ने ।

(ण) प्रचलित कानुन बमोजिम सम्बन्धित निकायको स्वीकृती लिई बिमा प्रिमियम बाहेक अन्य थप शुल्क लिन नपाउने गरी आफ्ना ऋणी सदस्यहरुको बिमा अभिकर्ताको रुपमा कार्य गर्न सकिनेछ ।

(त) नियमानुसार ईजाजतपत्र प्राप्त गरी इनवार्ड रेमिट्यान्स (Inward Remittance) को कार्य गर्ने ।

६. **<u>वित्तीय सँस्थाको पूँजीको संरचना :</u>** वित्तीय सँस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(क) वित्तीय सँस्थाको अधिकृत पूँजी रु २०,००,००,०००।- (अक्षेरुपी बीस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० दरका दरले २००००००।- (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) वित्तीय सँस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु १५,१५,५४,५३२.५०।- (अक्षेरुपी पन्ध्र करोड पन्ध्र लाख चौवन्न हजार पाँच सय बतिस दशमलव पाँच शुन्य मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००। दरका १५,१५,५४५.३२५।- (पन्ध्र लाख पन्ध्र हजार पाँच सय पैतालिस दशमलव तिन दुई पाँच) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय सँस्थाको चुक्ता पूंजी रु १५,१५,५४,५३२.५०।- (अक्षेरुपी पन्ध्र करोड पन्ध्र लाख चौवन्न हजार पाँच सय बतिस दशमलव पाँच शुन्य मात्र) हुनेछ ।

(घ) वित्तीय सँस्थाले जारी पूँजीको ३२.३७ प्रतिशत साधारण शेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्याएको छ ।

(ङ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ६७.६३ प्रतिशत हुनेछ ।

(च) जुन समूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्तिलाई सोही समूहमा, राखिनेछ ।

(छ) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिई कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय सँस्थाले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ ।

७. **वित्तीय सँस्थाको शेयरको किसिम :** हाल साधारण शेयर बाहेक अन्य प्रकारको शेयरको व्यवस्था नगरिएको हुँदा वित्तीय सँस्थाको शेयरको किसिम साधारण शेयर मात्र हुनेछ । अग्राधिकार शेयर जारी गर्नु परेमा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी प्रचलित कानूनको रित पुऱ्याई नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर मात्र त्यस्तो शेयर जारी गर्न सकिनेछ ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्नमा बन्देज :** शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय सँस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख) नेपाल राष्ट्र बैँकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

(ग) वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधि पछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि लघु वित्त वित्तीय सँस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ । तर यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरी दगर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

(घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

(ङ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर वा अधिकतममा विवरणपत्रमा तोकिए बमोजिम कित्ता शेयर खरिद गर्नका लागि निवेदन गर्न सक्नेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

(च) वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म सम्बन्धित वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुंदैन । तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागू हुने छैन ।

(छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर लघु वित्त वित्तीय सँस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

(ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून, धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **शेयर वापतको रकमको भुक्तानी :** (१) वित्तीय संस्थाले सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम अंकित मूल्यको शत प्रतिशत भुक्तानी माग गर्नेछ ।

(२) शेयर वापत वित्तीय सँस्थाले माग गरेको रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा लघु वित्त वित्तीय संस्थाले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **दायित्व सीमित हुने :** यस वित्तीय संस्थाको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।
तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन् ।

११. **अन्य आवश्यक कुराहरु :** (१) वित्तीय संस्थाको संस्थापन गर्दा लागेको खर्च वित्तीय संस्थाले नै व्यहोर्नेछ ।

(२) वित्तीय सँस्थाको शेयरको रकम भुक्तानी नगदमा नै गर्नु पर्नेछ ।

(३) वित्तीय सँस्थाले काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले लघु वित्त वित्तीय संस्थाबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन ।

(५) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई वित्तीय संस्थाले आफ्नो कारोबार सञ्चालनका लागि आवश्यक विनियमहरू बनाई लागू गर्न सक्नेछ ।

(६) वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र अन्य प्रचलित कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन ।

(७) वित्तीय संस्थाले आवश्यकता महसुस गरेमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी वित्तीय संस्थाको हितको लागि आफ्नो व्यवस्थापन जिम्मा दिने वा आवश्यक परामर्शदातासँग परामर्श लिन सक्नेछ ।

(८) वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकले तोके वमोजिमको आफ्नो कूल सम्पत्ति वा जोखिम भारीत सम्पत्तिको आधारमा तोके अनुसारको पूँजी कोषको व्यवस्था गर्नेछ ।

(९) वित्तीय संस्था अविच्छिन्न उत्तराधिकारवाला एक संगठित संस्था हुनेछ ।

(१०) वित्तीय संस्थाको काम कारवाही सञ्चालनका लागि एक छुट्टै छाप हुनेछ ।

(११) वित्तीय संस्थाले आफ्नो नामबाट नालिस उजूर गर्न र यस उपर पनि सोही नाउँबाट नालिस उजूर लाग्न सक्नेछ ।

(१२) वित्तीय संस्थाले प्रचलित कानूनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति खरिद बिक्री गर्न, प्राप्त गर्न, राख्न, निर्माण गर्न, उपभोग गर्न, बहालमा दिन वा अन्य किसिमले व्यवस्था गर्न, धितोबन्धक लिन, दिन वा दानदातव्य दिन सक्नेछ ।

(१३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र कम्पनी ऐन, २०६३, धितोपत्र कारोवार सम्वन्धी कानूनका व्यवस्थाहरु एक आपसमा बाझिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको कानूनी व्यवस्थाले प्राथमिकता पाउने छ ।

१२. **वित्तीय सँस्थाको प्रकृति अनुरुप थप व्यवस्था :** वित्तीय संस्थाका व्यवसायीक कारोवार नेपाल राष्ट्र बैंक ऐन, २०५८, प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम सञ्चालन हुनेछ । वित्तीय संस्थाको धितोपत्र कारोवार र साधारण सभा संचालन सम्बन्धी कार्य प्रचलित धितोपत्र कारोवार कानून तथा कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

१३. **प्रवन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :** (१) यस प्रवन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा कम्पनी ऐन बमोजिम साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिइ कम्पनी रजिष्ट्रारको कार्यलयमा अभिलेख भएपछि मात्र प्रवन्धपत्र संशोधन भएको मानिने छ ।

(२) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोवार सम्बन्धी प्रचलित कानून संशोधन भएको खण्डमा यो प्रबन्धपत्र पनि सोही बमोजिम संशोधन भएको मानिनेछ र यस प्रबन्धपत्रमा समेत सोही अनुरुप संशोधन गर्नु पर्नेछ ।

१४. **प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :** यस प्रवन्धपत्रमा लेखिएका कुराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा धितोपत्र कारोबार सम्वन्धी प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः वदर भई उपरोक्त ऐन वा कानूनका व्यवस्थाहरु नै लागू हुनेछ ।

१५. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण :** हामी गणपति लघुवित्त वित्तीय संस्थाका संस्थापकहरुले यो वित्तीय संस्था संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा वित्तीय संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| क्र.सं | संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|---|
| १. | द.<br>गुहेश्वरी मर्चेन्ट बैंकीङ्ग एण्ड फाइनान्स लिमिटेड ललितपुर<br>दा. वा. | | कम्पनी दर्ता नं ७७६ | २,२५,००० | द.<br>नामः शिवराज भण्डारी<br>ठेगानाः<br>जिल्लाःकाठमाण्डौं<br>न.पा./गा.वि.स<br>का.म.न.पा. वडा नं.४<br>दा बा. | ५५६० अछाम |
| २. | द.<br>श्री युवराज भण्डारी<br>कपन, वडा नं. ३<br>दा. वा. | भद्रलाल भण्डारी | १४१/३९४० मोरङ्ग | १,००,००० | द.<br>नामः प्रजेश ताम्रकार<br>ठेगानाः<br>जिल्लाःललितपुर<br>न.पा./गा.वि.स<br>ललितपुर उ.मा.न.पा. वडा नं. १९<br>दा. बा. | ३१०८० ललितपुर |
| ३. | द.<br>श्री प्रभात तामाङ्ग | सोनाम छिरिङ्ग | ३३७२ रसुवा | ३०,००० | द.<br>नामः ओम प्रकाद मास्के<br>ठेगानाः | ४३४८ सप्तरी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्याफ्रबेसी वडा ४ रसुवा<br><br>दा. वा. | | | | जिल्लाः सप्तरी<br>न.पा./गा.वि.स<br>जनडोल<br>वडा नं. ५<br>दा. बा. | |
| ४. | द.<br>श्री डा. रेश्मा श्रेष्ठ<br>काठमाण्डौं कालीमाटी<br><br><br>दा. वा. | कृष्ण काजी श्रेष्ठ | ५१५९२ ललितपुर | ५०,००० | द.<br>नामः सृष्टि राजकर्णिकार<br>ठेगानाः<br>जिल्लाःललितपुर<br>न.पा./गा.वि.स<br>उ.मा.न.पा<br>वडा नं. १८<br>दा. बा. | ४२८७७ ललितपुर |
| ५. | द.<br>श्री डा. रंजीता श्रेष्ठ<br>हेपाली हाइट,<br>बुढानीलकण्ठ<br><br>फोन नं.<br>दा. वा. | म्हेश गोर्खाली | ८८५६१ ललितपुर | २०,००० | द.<br>नामः रजना शाक्य<br>ठेगानाः<br>जिल्लाः ललितपुर<br>न.पा./गा.वि.स<br>ललितपुर उ.मा.न.पा.<br>वडा नं.१२<br>दा. बा. | ४४८४५ ललितपुर |
| ६. | द.<br>श्री वृष बहादुर बस्नृत<br>खोटाङ्ग, काउले २<br><br>दा. वा. | सूर्य बहादुर बस्नेत | ४६२४/२२९० काठमाण्डौं | ३०,००० | द.<br>नामः दिपक कुमार श्रेष्ठ<br>ठेगानाः<br>जिल्ला : काठमाण्डौं<br>न.पा./गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. १०<br>दा. बा. | ८६४७१७३० महोतरी |
| ७. | द.<br><br>श्री दिब्यश्वरी सिंह<br>ल.पु. वडा नं. ३ सानेपा<br><br>दा. वा. | धर्मरत्न महर्जन | ३७१२ काठमाण्डौं | ३०,००० | द.<br>नामः रवि सिंह<br>ठेगानाःजिल्लाः काठमाण्डौं<br>न.पा./गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. १२<br>दा. बा. | ६९९५/८२२६ काठमाण्डौं |
| ८. | द.<br>श्री रमेन्द्र प्रधानाङ्ग<br>का.न. पा. १४ कुलेश्वर<br><br>दा. वा. | मिगेन्द्र ब. प्रधानाङ्ग | १०१८१ काठमाण्डौं | ३०,००० | द.<br>नामः अर्चना प्रधान<br>ठेगानाः<br>जिल्लाः काठमाण्डौं<br>न.पा./गा.वि.स<br>का.म.न.पा.<br>वडा नं.१४<br>दा. बा. | ९३१२ काठमाण्डौं |
| ९. | द.<br>श्री भुपेस राजभण्डारी<br>खड्गा भद्रकाली वडा नं. ६ बुढानीलकण्ठ<br><br>दा. वा. | पुष्करमान सिंह राजभण्डारी | ३२५७ काठमाण्डौं | २०,००० | द.<br>नामःजीवा श्रेष्ठ<br>ठेगानाः<br>जिल्लाः काठमाण्डौं<br>न.पा./गा.वि.स<br>का.म.न.पा. | ९३१२ काठमाण्डौं |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | वडा नं. १४<br>दा. बा. | |
| १०. | श्री देवकृष्ण ताम्राकार<br>भु.प वडा नं. ११ क्वाछे<br><br>दा. वा. | हेराकाजी ताम्राकार | ३२९/०३७<br>भक्तपुर | २०,००० | द.<br>नामः तिर्थ लक्ष्मी ताम्रकार<br>ठेगानाः<br>जिल्लाःभक्तपुर<br>न.पा./गा.वि.स<br>भक्तपुर न. पा.<br>वडा नं.११<br>दा. बा. | ६५३६<br>भक्तपुर |
| ११. | द.<br>श्री राजेश मानन्धर<br>का.म.न.पा. २ ग(३३)<br>काठमाण्डौं डिल्लीबजार<br><br>दा. वा. | राम मानन्धर | १२८०८<br>काठमाण्डौं | २०,००० | द.<br>नामः रुपा मानन्धर<br>ठेगानाः<br>जिल्लाःकाठमाण्डौं<br>न.पा./गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. ३३<br>दा. बा. | ८६५१ |
| १२. | द.<br><br>श्री लक्ष्मी ओझा<br>का.जि. कपन ३<br><br>दा. वा. | कृष्ण प्रसाद ओझा | ११८०१६४८<br>झापा | २०,००० | द.<br>नामःअनिशा खेधौं श्रेष्ठ<br>ठेगानाः<br>जिल्लाःभक्तपुर<br>न.पा./गा.वि.स<br>भ.न.पा.<br>वडा नं. १५<br>दा. बा. | २६४५५<br>भक्तपुर |
| १३. | द.<br><br>श्री श्रीमान श्रेष्ठ<br>का.म.न.पा. भिमसेनगोला ३४ बानेश्वर<br>दा. वा. | यज्ञमान श्रेष्ठ | २२९०<br>काठमाण्डौं | २०,००० | द.<br>नामः राधिका श्रेष्ठ<br>ठेगानाः काठमाण्डौं<br>जिल्लाः<br>न.पा./गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. ३४<br>दा. बा. | ३३९२/९४९<br>काठमाण्डौं |
| १४. | द.<br><br>श्री सरोजनी श्रेष्ठ<br>ल.पु बखुण्डोल वडा न. १<br>दा. वा. | गणेश कुमार सिंह माथेमा | ३५६७१<br>ललितपुर | १५,००० | द.<br>नामः सत्यन्द्र प्यारा श्रेष्ठ<br>ठेगानाः<br>जिल्लाः ललितपुर<br>न.पा./गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. १<br>दा. बा. | १३ महोतरी |
| १५. | द.<br><br>श्री संजीता श्रेष्ठ<br>कमलादी काठमाण्डौं<br>दा. वा. | सत्यन्द्र प्यारा श्रेष्ठ | ७३१६२<br>ललितपुर | १०,००० | द.<br>नामः मोहीनी ताम्राकार<br>ठेगानाः<br>जिल्लाः ललिपुर<br>न.पा./गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. १२<br>दा. बा. | १६०१५<br>ललितपुर |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६. | द.<br><br>श्री राजेश कुमार श्रेष्ठ<br>७/२८१ रेशमकोठी<br>विरगञ्ज, पर्सा<br>दा. वा. | श्याम बहादुर श्रेष्ठ | १६०३०४८७६<br>पर्सा | १०,००० | द.<br>नामः मनोज थापा<br>ठेगानाः<br>जिल्लाः भक्तपुर<br>न.पा./गा.वि.स<br>भक्तपुर न.पा.<br>वडा नं. ९<br>दा. बा. | १४३६९<br>भक्तपुर |
| १७. | द.<br><br>श्री नारायण प्रसाद भट्टराई<br>मनभवन ५ ललितपुर<br>दा. वा. | शिव प्रसाद भट्टराई | २०/१४४<br>काठमाण्डौं | १०,००० | द.<br>नामःजीवन भट्टराई<br>ठेगानाः<br>जिल्लाःरामेछाप<br>न.पा./गा.वि.स<br>सालु<br>वडा नं. ९<br>दा. बा. | ३८८५६<br>रामेछाप |
| १८. | द.<br><br>श्री नीरजा शर्मा सापकोटा<br>काठमाण्डौं वडा नं. १०<br>गोल्फुटार बुढानीलकण्ठ<br>दा. वा. | नरेश चन्द्र शर्मा | १०१९/१०५२६<br>काठमाण्डौं | १०,००० | द.<br>नामः सुमन डंगोल<br>ठेगानाः जिल्लाःललितपुर<br>न.पा./गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. २१<br>दा. बा. | ५०६८९<br>ललितपुर |
| १९. | द.<br><br>श्री अच्युत राज सापकोटा<br>काठमाण्डौं वडा नं. १०<br>गोल्फुटार बुढानीलकण्ठ<br><br>दा. वा. | मित्रलाल सापकोटा | ४७२७५/३२८६२<br>काठमाण्डौं | १०,००० | द.<br>नामः रजनी महर्जन<br>ठेगानाः<br>जिल्लाः ललितपुर<br>न.पा./गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. २२<br>दा. बा. | ६५६५७<br>ललितपुर |
| २०. | द.<br><br>श्री इन्द्र बहादुर अधिकारी<br>फोन नं.<br><br>दा. वा. | परशुराम अधिकारी | ५९९९/८३२<br>ओखलढुङ्गा | १०,००० | द.<br>नामः तुलसा खरेल<br>ठेगानाः<br>जिल्लाःकाठमाण्डौं<br>न.पा./गा.वि.स<br>का.म.न.पा.<br>वडा नं. ५<br>दा. बा. | ६१३२३<br>नुवाकोट |
| २१. | द.<br><br>श्री मणी थापा साह<br>कोटेश्वर वडा नं. ३५<br>काठमाण्डौं<br>दा. वा. | फत्ते बहादुर थापा | ३२५/०३२/०३३ | १०,००० | द.<br>नामः सविना श्रेष्ठ<br>ठेगानाः<br>जिल्लाः ललितपुर<br>न.पा./गा.वि.स<br>ल.उ.मा.न.पा.<br>वडा नं. ४<br>दा. बा. | ३९६९६२७३<br>धनुषा |